# स्थानीय राजपत्र

## पालुङटार नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ६ संख्या ४ मिति २०७९/०६/०६**

पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**भाग २**

## प्रसुती महिलाका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७९

कार्यपालिकाबाट पारित मिति : २०७९।०६।०६

**प्रस्तावनाः** पालुङटार नगरपालिका भित्र रहेका सबै वर्ग र समुदायका गर्भवती तथा सुत्केरी महिलाहरुलाई स्वास्थ्य संस्था सम्म जान आउनका लगि प्रोटोकल अनुसार पुर्व प्रसुती तथा उत्तर प्रसुती सेवा प्रदान गर्ने सिलसिलामा जटिलता उत्पन्न हुन सक्ने वा माथिल्लो स्तरको सेवा सुविधा आवश्यक परेमा समयमै माथिल्लो तहको स्वास्थ्य संस्थामा प्रेषण गरी मातृ तथा नवजात शिशुको अवस्थामा गम्भिर समस्या हुनबाट जोगाइ मातृ मृत्यु दर र शिशु मृत्यु दर घटाउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवं पालुङटार नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "प्रसुती महिलाका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि पालुङटार नगरपालिका भित्र लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "नगर प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुख लाई सम्झनु पर्दछ ।

(ग) "नगर उप-प्रमुख" भन्नाले नगर कार्यपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

(घ) "नवजात शिशु" भन्नाले जन्मे देखि २८ दिन भित्रको उमेर समुह भनि सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "प्रसुती केन्द्र" भन्नाले नगरपालिका भित्र रहेका प्रसुती केन्द्रहरुलाई सम्झनु पर्दछ ।

(छ) "प्रोटोकल" भन्नाले नेपाल सरकारले तोके बमोजिम गर्भवती अवस्थामा ८ पटक र सुत्केरी अवस्थामा ४ पटक चेकजाँच गर्ने कार्य सम्झनु पर्दछ ।

(ज) "समिति" भन्नाले एम्बुलेन्स सञ्चालन, व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्दछ ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले पालुङटार नगरपालिकाको भित्र रहेका अस्पताल, स्वास्थ्य चौकीहरु, आधारभूत स्वास्थ्य केन्द्र, बर्थिङ सेन्टर, शहरी स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाईहरुलाई सम्झनु पर्दछ ।

**३. उद्देश्य :** यस कार्यक्रमको उद्देश्य मातृ तथा नवशिशुको मृत्युदरको जोखिमलाई समयमै पहिचान गरी मृत्युदर निवारण गर्न सहयोग पुऱ्याउने साथसाथै आवश्यक सेवा सुविधा सम्पन्न स्वास्थ्य संस्थामा प्रेषण गरी भविष्यमा आउन सक्ने जटिलतालाई समयमै व्यवस्थापन गर्नु हो ।

## परिच्छेद २

## एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति

**४. निःशुल्क एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति :** (१) निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक नगर एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) नगर प्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) संयोजक, सामाजिक विकास समिति - सदस्य

(घ) प्रमुख, ईलाका प्रहरी कार्यालय, ठाँटीपोखरी - सदस्य

(ङ) प्रतिनिधि, नगर रेडक्रस सोसाईटी, पालुङटार - सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ३

## एम्बुलेन्स सेवा प्रदन गर्ने आधार र प्रक्रिया

**५. एम्बुलेन्स सेवा प्रदान गर्ने आधार :** देहाय बमोजिमको आधारमा स्वास्थ्य संस्थाबाट प्रेषण भएका गर्भवती तथा सुत्केरी महिलाका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

(क) नगरपलिका भित्रको बासिन्दा भई यो सेवा प्रथम पटक उपभोग गर्न लागेको हुनुपर्नेछ ।

(ख) केशको जटिलताले गर्दा माथिल्लो तहको सेवा सुविधाको आवश्यकता भई उपलब्ध गराउन नसक्ने अवस्था रहेको ।

(ग) निःशुल्क एम्बुलेन्स सेवा गर्भवती तथा सुत्केरी महिलालाई सम्बन्धित स्वास्थ्य संस्थाबाट गन्तव्य स्थल सम्म पुऱ्याउनको लागि मात्र उपलब्ध गराइनेछ ।

६. **एम्बुलेन्स सेवा प्रदान गर्ने प्रक्रिया :** (१) यो सेवा उपभोग गर्नका लागि निवेदनको साथमा स्वास्थ्य संस्थाको सिफारिश, स्वास्थ्य संस्थाबाट प्रेषण गरेको प्रेषण पुर्जाको प्रतिलिपि बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स प्रयोग गरे वापत लाग्ने भाडा शुल्कको नगदी रसिद र अनुसूची १ बमोजिमको भरपाई बुझाउनु पर्नेछ ।

(३) एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन तथा अनुगमन समितिले भाडा दर निर्धारण गरे बमोजिमको  रसिद हेरी स्वास्थ्य शाखाको माध्यमद्वारा नगरपालिकाले भुक्तानी गर्नु पर्नेछ ।

## परिच्छेद ४

## विविध

७. **अभिलेख राख्नु पर्ने :** यस कार्यक्रम बमोजिम सेवा लिने सेवाग्राहीहरुको अभिलेख सम्बन्धित स्वास्थ्य संस्था वा प्रसुती केन्द्रमा राख्नु पर्नेछ ।

८. **प्रतिवेदन पेश गर्नु पर्ने :** (१) कार्यक्रमको प्रतिवेदन मासिक रुपमा स्वास्थ्य संस्था वा प्रसुती केन्द्रले स्वास्थ्य शाखालाई, स्वास्थ्य शाखाले समितिलाई र समितिले प्रत्येक ३ (तीन) महिनामा भए गरेको काम कारबाहीको प्रतिवेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

९. **खर्च र लेखापरक्षीण :** कार्यक्रमको सञ्चालनको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

१०. **व्याख्या, संशोधन र खारेजी :** यो कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

११. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची १

(दफा ६ को उपदफा २ सँग सम्बन्धित)

**भरपाईको ढाँचा**

म .............. ले स्वास्थ्य संस्थामा प्रसुती सेवा लिनका लागि पालुङटार नगरपालिका द्धारा सञ्चालित निःशुल्क एम्बुलेन्स सेवा मार्फत ........... स्वास्थ्य संस्था/अस्पताल बाट ...........अस्पताल सम्म निःशुल्क एम्बुलेन्स सेवा लिएको कारणले यो भरपाई गरीदिएँ ।

| प्रसुती महिलाको: | प्रेषण गर्ने | प्रेषण गरिएको |
|---|---|---|
| नामः | संस्थाको नामः | संस्थाको नामः |
| ठेगानः | ठेगानः | ठेगानः |
| उमेरः | | |
| सम्पर्क नं. | | |
| दस्तखत | | |
| सेवा लिएको मितिः | | |

आज्ञाले,

गौतम भण्डारी

प्रमुख प्रशासकीय अधिकृत